# Radio PSA

## उद्देश्य :

- प्रदेश १- प्रदेश -२, बाग्मती, गण्डकि , लुम्बिनी र कर्णालि प्रदेशको सदरमुकाम र आस पासका जिल्लामा बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्ति, तिनका परिवार र समुदायमा रहेका आम व्यक्तिलाई कोविड-१९ को बेलामा आफ्नो हेरचाह कसरी गर्ने सम्बन्धि सचेतना अभिबृद्धि गर्न
- कोविड-१९ सम्बन्धि विद्ध्यमान सुचनालाई लक्षित समुहमा पहुँच्युक्त र सजिलो माध्यमबाट उप्लब्ध गराउन

### PSA Script

(घर बाहिरको वातावरण, घरको भर्याङमा मानिस हिँडेको आवाज, विस्तारै ढोका खुलेको आवाज)

**मुनाः** दिदि नमस्कार । तपाईलाई कस्तो छ अहिले ?

**कान्छी दिदि:** नमस्कार बहिनी । ओ हो ! ल आउ आउ ! उ त्यो मेरो ह्वीलचियर नजिकैको मेच तानेर बस । , अहिले त ठिक छु । तर यो कोरोनाले मलाइ त अलि गाह्रो पार्यो । जिउ दुख्ने र खोकिले त हैरानै बनायो । जोरो वेस्सरी आउने रैछ ,साँस फेर्न गाह्रो हुने खै....! के के हो के के ?

**मुनाः** हो र ! अनि यस्तोबेला आफ्नो हेरचाह कसरी गर्नुभयो त ! धन्न तपाइँको शौचालयमा ह्विलचियर सजिलै जाने भएर मद्दत गर्यो होला है दिदी !

**कान्छी दिदी:** हो नि। अरुबाट छुट्टै बस्नुपर्ने यो बेलामा त सजिलो संरचनाको महत्त्व झन् बढी हुने रहेछ ।

**मुना** – है ।

**कान्छी दिदि:** अनि म त घरमै बसें । अस्पताल जानु चाहिँ परेन । हावा ओहर दोहर हुने छुट्टै कोठामा बसें । छोरीले बेला बेलामा ज्वरो र अक्सिजनको मात्रा

नापिदिन्थी । अनि केहि सल्लाह लिनु परे ११११५ मा फोन गरेर लिन्थि । मलाई स्याहार गर्दा छोरीले राम्रो संग मास्क लगाउने र बेला बेलामा मिची मिची साबुन पानि हात धुन्थी ।

**मुना**: ओ हो! छोरीले त निकै राम्रो काम गरिछिन्

**कान्छी दिदि**: हो नी सास फेर्न धेरै गार्हो भएमा, छाती धेरै दुखेमा वा हिड्न बोल्न वा अन्योल महसुस भएमा चाहिँ अस्पताल लैजानु पर्ने रहेछ । अस्पतालको व्यवस्थापनको लागि ११३३ मा सम्पर्क राख्नुपर्छ ।

**मुना**: ए कोरोनालाई जित्न धेरै कुरामा पो ख्याल गर्नुपर्ने रैछ त ।

**कान्छी दिदी**: हो नी । अनि थाहा छ कहिलेकाहिँ अल्छि लाग्दा छोरीले अर्को कोठामा गीत बजाउँथी म चाहिँ यता सुन्दै रमाउँथे । हेहेहेहे दुवैजना हाँस्छन् ।

**मुना**: लौ त दिदी तपाईको अनुभवबाट मैले पनि धेरै कुरा सिकेँ । संरचनाहरू त अझ सबैखाले अपाङ्गता भएका व्यक्तिज्येष्ठ , नागरिक, बालबालिका , गर्भवति महिला सबैलाइ सोचेर बनाउनुपर्छ । हेर्नु त! मान्छेलाइ आफ्नो हेरचाह आफै गर्न कति सजिलो हुने !

**सीबिएमसंगको साझेदारीमा नेपाल सरकार स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र एवं राष्ट्रिय अपाङ्ग महासंघ नेपाल द्वारा जनहितमा जारी ।**

समाप्त

वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक

निर्देशक